नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

लमजुङ

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

पत्र संख्या:- ०७७/७८ मिति :- २०७८/०३/३१

## जिल्ला प्रशासन कार्यालय लमजुङबाट जारी निषेध आदेश

कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय, कोभिड – १९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८/०३/३१ गते राति १२:०० बजेबाट २०७८/०४/१० गते राति १२:०० बजेसम्म लागू हुने गरी तपसिल बमोजिमको व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

### क.निषेध गरिएका गतिविधिहरु

१. सबै प्रकारका सभा,सम्मेलन,सिनेमा हल, पार्टी प्यालेस, दोहोरी, स्वीमिङ पुल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, हेल्थकल्ब, जिमखाना, पुस्तकालय र मानिसहरुको भिडभाड हुने अन्य कार्यक्रम संचालन गर्न/गराउन नपाउने।

२. खुला स्थानमा मानिसहरु भेला जम्मा हुन, भिडभाड गर्न, सभा जुलुस, जात्रा, महोत्सव, भोज भतेर आदि गर्न/गराउन नपाउने।

३. विवाह, व्रतबन्ध तथा सामूहिक रुपमा गरिने साँस्कृतिक कार्यहरु होटल तथा पार्टी प्यालेसमा गर्न/गराउन नपाउने।

४. शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर र तालिम केन्द्र) ले भौतिक उपस्थितिमा पठन पाठन गर्न गराउन नपाउने। सूचना प्रविधिको वैकल्पिक माध्यमबाट कक्षाहरु सञ्चालन गर्ने।

### ख. संचालन गर्न पाउने गतिविधिहरु

**१. व्यवसाय सञ्चालनका हकमा :**

क. औषधी तथा स्वास्थ्य सामग्री सम्बन्धी पसल जुनसुकै समयमा निर्वाध रुपमा संचालन गर्ने।

ख. बुँदा नं. क (१) मा उल्लेख भए बाहेकका अन्य व्यवसायहरु विहान ६.०० बजे देखि साँझ ७.०० बजेसम्म मात्र संचालन गर्न पाइने। पसल तथा व्यवसाय संचालन गर्दा कम्तिमा २ मिटरको भौतिक दूरी कायम गर्ने, अनिवार्य रुपमा स्यानिटाइजर व्यवस्था गर्ने र स्वास्थ्य मापदण्ड पालना गर्नुपर्ने। यदि तोके बमोजिम स्वास्थ्य मापदण्ड परिपालना नगरेको अनुगमनको क्रममा भेटिएमा पसल तथा व्यवसाय तत्काल बन्द गर्न सकिने।

ग. होटल तथा रेष्टुरेन्टले विहान ६ बजे देखि साँझ ७ बजेसम्म टेक अवे (Take away) सेवा सञ्चालन गर्न पाउने।

**२. सर्वसाधारणको आवत जावतको हकमा**

क. घरबाट बाहिर निस्किदा दुई व्यक्ति बीच कम्तीमा २ मिटरको भौतिक दूरी कायम राख्ने। अनिवार्य रुपले मास्कको प्रयोग गर्ने। पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने।

**३. सरकारी कार्यालय,बैंक,वित्तीय संस्था तथा सहकारी संस्थाको हकमा**

क. सरकारी कार्यालय,बैंक, वितिय संस्था तथा सहकारी संस्थाहरु हरु प्रत्येक दिन नियमित रुपमा कार्यालय समयमा सेवा प्रवाह गर्ने तर सहकारी संस्थाहरुको हकमा बजार प्रतिनिधि घरघरमा गई रकम संकलन गर्न नपाउने।

२०७८/३/३१

प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

लमजुङ

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

पत्र संख्या:- ०७७/७८

मिति :- २०७८/०३/३१

**३. सवारी साधन संचालनको हकमा**

क. लमजुङ जिल्लाभित्र संचालन हुने सार्वजनिक सवारी साधनहरु स्वीकृत सिट क्षमता अनुसार देहायका मापदण्ड पालना गर्ने गरी संचालन गर्ने।

- कुल स्वीकृत सिट क्षमता भन्दा बढी यात्रु नराख्ने।
- सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने।
- मास्क नलगाउने यात्रुलाई सवारी साधनमा प्रवेश गर्न नदिने।
- चालक र सहचालकले अनिवार्य मास्क, भाइजर र पञ्जा लगाउने।
- सवारी साधनको ढोकामा स्यानिटाइजरको व्यवस्था हुनुपर्ने।
- अनिवार्य रुपमा सवारी साधन दैनिक निसंक्रमित गर्नुपर्ने।

ख. जिल्ला भित्र संचालन हुने निजी सवारी साधनको हकमा स्वास्थ्य मापदण्डको अनिवार्य रुपमा पालना गरी संचालन गर्ने।

ग. जिल्ला भित्र सञ्चालन हुने तथा जिल्ला बाहिरबाट यस जिल्लामा प्रवेश गर्ने निर्माण सामाग्री बोक्ने सावरी साधन तथा खाद्यान्न, दूध बोक्ने ट्याङ्कर र फलफूल ढुवानीका साधनहरुलाई दैनिक रुपमा सञ्चालन गर्न दिने।

४. गोष्ठी, तालिम, सेमिनार, बैठक, समिक्षा, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा २५ जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण परिपालना हुने गरी संचालन गर्ने।

२०७८/३/३१

होम प्रसाद लुइटेल

प्रमुख जिल्ला अधिकारी

Scanned with CamScanner